# जिल्ला समन्वय समितिको कार्यालय

कुश्मा, पर्वत

प.सं. ०७९।८०

च.नं. २४४

गण्डकी प्रदेश, नेपाल

जिल्ला समन्वय समितिको कार्यालय कुश्मा, पर्वत

मितिः २०८०।०३।०१

विषयः निर्णयको प्रतिलिपी पठाइएको बारे ।

**श्री स्थानीय तह (सबै), पर्वत**
**श्री जिल्ला प्रशासन कार्यालय, पर्वत**
**श्री सशस्त्र प्रहरी बल, चण्डिका गण, पर्वत**
**श्री जिल्ला प्रहरी कार्यालय, पर्वत**
**श्री डिभिजन वन कार्यालय, पर्वत**
**श्री करदाता सेवा कार्यालय, कुश्मा**
**श्री पूर्वाधार विकास कार्यालय, पर्वत**

उपरोक्त सम्बन्धमा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, पर्वतको मिति २०८०।०३।०१ गते बसेको बैठकका निर्णय प्रतिलिपी यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यवाही तथा जानकारीको लागि तहाँ पठाइएको बेहोरा अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**जिल्ला समन्वय अधिकारी**

वोधार्थ
श्री प्रमुखज्यू, जिल्ला समन्वय समिति, पर्वत ।
श्री उपप्रमुखज्यू, जिल्ला समन्वय समिति, पर्वत ।

<u>नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक</u>

आज मिति २०८०।०३।०१ गते शुक्रबार बेलुका ठीक ४.०० बजे नेपाल सरकारको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा ९ मा व्यवस्था भएबमोजिम पर्वत, जिल्ला समन्वय समितिका प्रमुख श्री विष्णुराम वि.क.ज्यूको अध्यक्षतामा बसेको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको वैठकमा देहायबमोजिमको उपस्थितिमा निम्नानुसार निर्णयहरू भएका छन् ।

**<u>देहाय</u>**

**<u>उपस्थिति</u>**

| | | |
|---|---|---|
| श्री विष्णुराम वि.क. | प्रमुखः जिल्ला समन्वय समिति | -संयोजक |
| श्री रामचन्द्र जोशी | प्रमुखः कुश्मा नगरपालिका | - सदस्य |
| श्री गंगाधर तिवारी | प्रमुखः फलेवास नगरपालिका | - सदस्य |
| श्री राजुप्रसाद आचार्य | अध्यक्षः जलजला गाउँपालिका | - सदस्य |
| श्री प्रेमप्रसाद आचार्य | प्रमुख जिल्ला अधिकारी | - सदस्य |
| श्री अरविन्द श्रेष्ठ | सशस्त्र प्रहरी उपरीक्षकः चण्डिका गण | - सदस्य |
| श्री मधुसुदन न्यौपाने | प्रहरी नायव उपरीक्षक | - सदस्य |
| श्री विष्णुप्रसाद अधिकारी | प्रमुखः डिभिजन वन कार्यालय | -सदस्य |
| श्री कृष्ण आचार्य | इन्जिनियर पूर्वाधार विकास कार्यालय | - सदस्य |
| श्री रमाकान्त पौडेल | कर अधिकृतः करदाता सेवा कार्यालय | - सदस्य |
| श्री नेत्रप्रसाद पौडेल | जिल्ला समन्वय अधिकारी | -सदस्य सचिव |

<u>आमन्त्रित उपस्थिति</u>

| | |
|---|---|
| श्री गणेशप्रसाद पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी |
| श्री महेश शर्मा | शाखा अधिकृतः जि.स.स. |
| श्री नकुल शर्मा | लेखापाल '' |
| श्री पुरन प्र. न्यौपाने | स.प्र.नि.ई. |

नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक

२०८०।०३।०१

## निर्णयहरू

१. पर्वत जिल्ला अन्तर्गत बग्ने विभिन्न खोला तथा नदीहरूबाट उत्पादन हुने नदीजन्य पदार्थः ढुङ्गा, गिटी, वालुवाको उत्खनन विक्री तथा वितरणलाई प्रचलित कानूनहरूले तय गरेका मापदण्डको कडाईका साथ परिपालना गराई थप प्रभावकारी बनाउने ।

२. ढुङ्गा, गिट्टी, वालुवाको अवैध तथा गैरकानूनी उत्खनन तथा विक्री वितरणलाई नियन्त्रण गरी नदीजन्य उत्पादनको सुव्यवस्था कायम गराउन सबै सुरक्षा निकायहरूलाई अनुरोध गर्ने । स्थानीय तहहरूले सो कार्यका लागि आवश्यक सहयोग गर्ने ।

३. प्रचलित कानूनले तय गरेबमोजिम आषाढ, साउन र भदौ महिनामा नदीजन्य उत्पादनको उत्खननलाई पूर्ण रूपमा बन्द गर्ने ।

४. सबै स्थानीय तहहरूले नदीजन्य उत्पादनको अबैध चोरी निकासीलाई बन्द गराउनको लागि थप तदारुकता कायम गर्न अनुरोध गर्ने ।

५. जिल्लास्तरीय नदीजन्य तथा खानीजन्य पदार्थ अनुगमन समितिले नियमित तथा प्रभावकारी अनुगमन गर्ने । अवैध रूपमा चोरी निकासीमा प्रयोग भएका मेसीनरी औजारहरु तथा नदीजन्य उत्पादनलाई नियन्त्रणमा लिई कानूनी कारवाही अघि बढाउने । साथै, यससम्बन्धी अनुगमन समितिले गरेका निर्णयहरू सम्बन्धित स्थानीय तहहरूलाई जानकारी गराउने ।